# बढैयाताल गाउँपालिका

# बढैयाताल गाँउपालिकाको आर्थिक ऐन-२०७६

गाँउसभाबाट स्वीकृत मिति : २०७६/०३/१७

**बढैयाताल गाउँपालिका**

**मैनापोखर, बर्दिया**

बढैयाताल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मैनापोखर, बर्दिया
५ नं. प्रदेश, नेपाल

# बढैयाताल गाँउपालिकाको आर्थिक ऐन २०७६

बढैयाताल गाँउपालिकाको अर्थ सम्बन्धि प्रस्तावलाई कार्यान्वयन गर्न बनेको ऐन

प्रस्तावना :- बढैयाताल गाँउपालिका आर्थिक बर्ष ०७६/०७७ को अर्थ सम्बन्धि प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न बाञ्छनीय भएकाले, नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम, स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ को उपदफा १ ले दिएको अधिकार प्रयोग गरि बढैयाताल गाँउ सभाले यो ऐन जारी गरिएको छ।

१.संक्षिप्त नाम र प्ररम्भ :- (१) यस ऐनको नाम बढैयाताल गाँउपालिकाको आर्थिक ऐन २०७६ रहेको छ।

(२) यो ऐन २०७६ साल श्रावण १ गते देखि बढैयाताल गाँउपालिका क्षेत्रमा लागु हुने छ।

२.सम्पति कर :- गाँउपालिका क्षेत्र भित्र अनुसूचि (१)बमोजिम एकिकृत सम्पति कर/घरजग्गा कर लगाईने र असूल उपर गरिने छ।

३.भुमि कर (मालपोत) :- गाँउपालिका क्षेत्र भित्र अनुसूचि (२) बमोजिम एकिकृत सम्पति भुमि (मालपोत) लगाईने र असूल उपर गरिने छ।

४.घर वहाल कर:- गाँउपालिका क्षेत्र भित्र कुनै ब्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पुरै आँशिक तवरले बहालमा दिएकोमा अनुसूचि (३) बमोजिम घर जग्गा बहाल कर लगाईने र असूल उपर गरिने छ।

५.ब्यवसाय कर:- गाँउपालिका क्षेत्र भित्र ब्यापार ब्यवसाय वा सेवामा पूजिगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूचि (४) बमोजिम ब्यवसाय कर लगाईने र असूल उपर गरिने छ।

६.जडिबुटी कवाडी र जिवजन्तु कर :- गाँउपालिका क्षेत्र भित्र कुनै ब्यक्ति वा संस्थाले उन, खोटो, जडिबुटि, वनकस, कवाडि माल र प्रचलित कानूनले निषेध गरिएको जिवजन्तु बाहेक अन्य मृत वा मारीएका जीवजन्तुको हाड, सिंङ प्वाँख, छाला जस्ता बस्तुको ब्यवसायिक कारोवार गरेवापत अनुसूचि (५) बमोजिम जडिबुटी कवाडी र जिवजन्तु कर लगाईने र असूल उपर गरिने छ।

७. सवारी साधन कर:- गाँउपालिका क्षेत्र भित्र दर्ता भएका सवारी साधनमा अनुसूचि (६) बमोजिम सवारी साधन कर लगाईने र असूल उपर गरिने छ। तर प्रदेश कानून स्वीकृत भै सो कानूनमा अन्यथा ब्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुने छ।

८. बिज्ञापन कर:- गाँउपालिका क्षेत्र भित्र हुने बिज्ञापनमा अनुसूचि (७) बमोजिम बिज्ञापन कर लगाईने र असूल उपर गरिने छ। तर प्रदेश कानून स्वीकृत भै सो कानून अन्यथा ब्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुने छ।

९.मनोरन्जन कर :- गाँउपालिका क्षेत्र भित्र हुने मनोरन्जन ब्यवसाय सेवामा अनुसूचि (८)बमोजिम ब्यवसाय कर लगाईने र असूल उपर गरिने छ । तर प्रदेश कानून स्वीकृत भै सो कानून अन्यथा ब्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुने छ ।

१०.बहाल बिटौरी शुल्क :- गाँउपालिका क्षेत्र भित्र आफुले निर्माण रेखदेख वा संचालन गरेका अनुसूचि (९) मा उल्लेख भए अनुसार हाट बजार वा पसल सोही अनुसूचिमा भएको ब्यस्था अनुसार बहाल बिटौरी शुल्क लगाईने र असूल उपर गरिने छ ।

११.पार्किङ शुल्क :- गाँउपालिका क्षेत्र भित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत हुने अनुसूचि (१०)बमोजिम पार्किङ शुल्क लगाईने र असूल उपर गरिने छ ।

१२. ट्रेकिङ्ग, कोयोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र ऱ्याफ्टीङ्ग शुल्क :- गाँउपालिका क्षेत्र भित्र ट्रेकिङ्ग, कोयोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र ऱ्याफ्टीङ्ग सेवा वा ब्यवसाय संचालन गरेवापत अनुसूचि (११) बमोजिम शुल्क लगाईने र असूल उपर गरिने छ ।

१३.सेवा शुल्क दस्तुर:- गाँउपालिकाले निर्माण, संचालन वा ब्यवस्थापन गरेका अनुसूचि (१२) बमोजिम उल्लेखित स्थानीय पूर्वाधार रश्रोत साधन उपलब्ध गराईएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचि ब्यवस्था भए अनुसार शुल्क लगाईने र असूल उपर गरिने छ ।

१४.पर्यटन शुल्क :- गाँउपालिकाले आफ्नो भित्र प्रबेश गर्ने पर्यटकहरुबाट अनुसूचि (१३) मा उल्लेखित दरमा पर्यटक शुल्क लगाईने र असूल उपर गरिने छ । तर प्रदेश कानून स्वीकृत भै सो कानून अन्यथा ब्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुने छ ।

१५. कर छुट :- यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका ब्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन । तर कार्यपालिकाद्धारा निशुल्क भनि तोकियका सेवा, शिफारीसहरु निशुल्क प्रदान गर्न सक्ने छ ।

१६. कर तथा शुल्क संकलन सम्बन्धि कार्यबिधि:- यो ऐनमा भएको ब्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धि कार्यबिधि गाँउपालिकाले तोके अनुसार हुने छ ।

अनुसूची : (१)

घर करको दर

| क्र. सं. | घरको किसिम | दर वार्षिक रु. |
|---|---|---|
| १. | खरले छायको कच्ची घर | १००/- (एक सय ) |
| २. | टिन, अल्वेस्ट, टायल, खपडा छायको कच्ची घर | २००/- (दुई सय) |
| ३. | टिन, अल्वेस्ट, टायल, खपडा छायको पक्की घर | ३००/- (तिन सय ) |
| ४. | ढलान सहितको पक्की घर | ०/५० प्रति बर्ग फिट (पचास पैसा) |
| ५. | पिलर सहितको पक्की घर | १/- प्रति बर्ग फिट (एक रुपैया ) |

## अनुसूची : (२)

## मालपोत को दर

| क्र. स. | जग्गाको किसिम | दर प्रति कठ्ठा रु. |
|---|---|---|
| १. | पीचरोड सँग जोडिएको जग्गा | पाँच कठ्ठा घरबासका लागि रु १००/-(एक सय) सो भन्दा माथि रु ५०/-(पचास) |
| २. | ग्राभेल रोड सँग जोडिएको जग्गा | पाँच कठ्ठा घरबासका लागि रु ५०/-(पचार) सो भन्दा माथि रु ४०/-(चालिस) |
| ३. | कच्ची रोड सँग जोडिएको जग्गा | पाँच कठ्ठा घरबासका लागि रु ४०/-(चालिस) सो भन्दा माथि रु ३०/-(तिस) |
| ४. | बाटो नभएको जग्गा | पाँच कठ्ठा घरबासका लागि रु ३०/-(तिस) सो भन्दा माथि रु २०/-(बिस) |
| ५. | न्युनतम मालपोत | ३०/- (तिस) |
| ६. | मालपोत जरिवाना शुरु आ.व. को | २०% थप र प्रत्येक थप आ.व. मा १०% बृद्धि |

## अनुसूची : (३)

## घर वहाल कर को दर

१. भाडा रकमको १०% ले हुने रकम ।

## अनुसूची : (४)

## व्यवसाय कर को दर

| क्र. सं | पसल वा ब्यवसायको किसिम | दर वार्षिक |
|---|---|---|
| १. | घुम्ती राखिएको पसलसानो (रु दुई लाख सम्म सामान रहेको ) | २००/- (दुई सय) |
| २. | घुम्ती राखिएको पसल ठुलो (रु दुई लाख भन्दा माथि सामान रहेको ) | ५००/- (पाँच सय) |
| ३. | सटरमा भएको पसल सानो (रु चार लाख सम्म सामान रहेको ) | ५००/- (पाँच सय) |
| ४. | सटरमा भएको पसल ठुलो (रु चार लाख भन्दा माथि सामान रहेको ) | १,०००/- (एक हजार) |
| ५. | थोक बिक्रेता | ५,०००/- (पाँच हजार) |
| ६. | सस्थागत विद्यालय कक्षा थप | ३०,०००/- (तिस हजार) |
| ७. | संस्थागत विद्यालय तह थप | ५०,०००/- (पचास हजार) |
| ८ | सामुदायिक विद्यालय कक्षा थप | ५,०००।- (पाच हजार) |
| ९ | सामुदायिक विद्यालय तह थप | १०,०००।- ( दश हजार) |
| १० | मदिरा पसल खुद्रा | १२,०००/- (बाह्र हजार) |
| ११ | मदिरा पसल थोक | २०,०००/- (विस हजार) |
| १२. | १० hp सम्मका उद्योग | १,०००/- (एक हजार) |
| १३. | २० hp सम्मका उद्योग | ३,०००/- (तिन हजार) |
| १४. | ३० hp सम्मका उद्योग | ५,०००/- (पाँच हजार) |
| १५. | ४० hp सम्मका उद्योग | १०,०००/- (दस हजार) |
| १६. | ४० hp भन्दा माथिका उद्योग | २०,०००/- (बिस हजार) |
| १७. | ईटा उद्योग | १,००,०००/- (एक लाख) |
| १८. | मदिरा उद्योग ठुलो | १५०००००/-(एकलाखपचास हजार) |
| १९. | औद्योगिक वस्तु निकासी कर प्रति क्वीण्टल (ब्यापारिक प्रयोजन खरिद कर्ताले बढैयाताल गाँउपालिका बाहिर निकासि गर्दा) | ४/- (चार ) |
| २०. | कृषि जन्य बस्तु निकासि कर प्रति क्वीण्टल खाद्यन्न (ब्यापारिक प्रयोजन खरिद कर्ताले बढैयाताल गाँउपालिका बाहिर निकासि गर्दा) | ४/- (चार) |
| २१. | कृषि जन्य बस्तु निकासि कर खसी, बाखा, भेडा च्याग्रा प्रति गोटा (ब्यापारिक प्रयोजन खरिद कर्ताले बढैयाताल गाँउपालिका बाहिर निकासि गर्दा) | १००/- (एक सय) |
| २२. | कृषि जन्य बस्तु निकासि कर रागाँ, भैसी प्रति गोटा (ब्यापारिक प्रयोजन खरिद कर्ताले बढैयाताल गाँउपालिका बाहिर निकासि गर्दा) | २००/- (दुई सय) |
| २३. | कृषि जन्य बस्तु निकासि कर प्रति गोटा कुखुरा, हाँस (ब्यापारिक प्रयोजन खरिद कर्ताले बढैयाताल गाँउपालिका बाहिर निकासि गर्दा) | १०/- (दस) |
| क्र. सं | पसल वा ब्यवसायको किसिम | दर वार्षिक |

| | | |
|---|---|---|
| २३. | आधुनिक मासु उद्योग बार्षिक | १,००,०००/- (एक लाख) |
| २४. | औषधि पसल बार्षिक | १०,०००/- (दस हजार) |
| २५. | बैंक तथा बित्तिय संस्था "क" बर्ग बार्षिक | ५०,०००/- (पचास हजार) |
| २६. | बैंक तथा बित्तिय संस्था "ख" बर्ग बार्षिक | ३०,०००/- (तिस हजार) |
| २७. | बैंक तथा बित्तिय संस्था "ग" बर्ग बार्षिक | २५,०००/- (पचिस हजार) |
| २८. | बैंक तथा बित्तिय संस्था "घ" बर्ग बार्षिक | २०,०००/- (बिस हजार) |
| २९. | कम्प्युटर इस्टिच्युट बार्षिक | ५,०००/- ( पाँच हजार) |
| ३०. | होटेल तथा रेष्टुरेण्ट खाजा नास्ता मात्र बार्षिक | १,०००/- (एक हजार) |
| ३१. | होटेल तथा रेष्टुरेण्ट खाजा नास्ता र खाना समेत बार्षिक | ३,०००/- (तिन हजार) |
| ३२. | होटेल तथा रेष्टुरेण्ट खाजा नास्ता, खाना र लग समेत बार्षिक | ५,०००/- (पाँच हजार) |
| ३३. | यसमा सामेल नभएकालाई वोर्ड बैठकबाट निर्णय भए बमोजिम | |

अनुसूची : (६)

## सवारी साधन कर को दर

| क्र. सं. | सवारीको किसिम | दर वार्षिक |
|---|---|---|
| १. | अटो रिक्सा दर्ता | १,०००/- (एक हजार) |
| २. | अटो रिक्सा नबिकरण बार्षिक | ५००/- (पाँच सय) |

अनुसूची : (८)

## मनोरन्जन कर को दर

| क्र. सं. | सेवाको किसिम | दर वार्षिक |
|---|---|---|
| १. | स्थानीय टेलिभिजन प्रसारक बार्षिक | ५,०००/- (पाँचहजार) |
| २. | एफ.एम.रेडियो प्रसारक बार्षिक | ५,०००/- (पाँच हजार) |
| ३. | इन्टरनेट केबुल लाईन प्रसारक बार्षिक | ५,०००/- (पाँचहजार) |

अनुसूची : (११)

## सेवा शुल्क, दस्तुर को दर

| क्र. सं. | सेवा को किसिम | दर रु. |
|---|---|---|
| १. | निवेदन दस्तुर | १०/- (दस) |
| २. | पञ्जीकरण दस्तुर | |
| | (क) जन्म दर्ता | निशुल्क |
| | (ख) विवाहा दर्ता | निशुल्क |
| | (ग) मृत्यु दर्ता | निशुल्क |
| | (घ) बसाई सराई | निशुल्क |
| | (ङ) सम्बन्धबिच्छेद | निशुल्क |
| | ३५ दिन पछि पंजिकरण जरिवाना | ५०/- (पचास) |
| ३. | साधारण सिफारीस | ३००/- (तिन सय) |
| ४. | औषधि उपचारका शिफारीहरु | निशुल्क |
| ५. | बिपद् सम्बन्धिका शिफारीसहरु | निशुल्क |
| ६. | आर्थिक साहेता सम्बन्धिका शिफारीस | निशुल्क |
| ७. | गरिब छात्रबृत्ति सम्बन्धिका शिफारीस | निशुल्क |
| ८. | घर बाटो सिफारीस | |
| | (क) पीच बाटोसँग जोडिएको | पचास लाख थैलि रु १,५००/-सो भन्दा माथि रु २,५००/- |
| | (ख) ग्राभेल बाटोसँग जोडिएको | पचास लाख थैलि रु १,०००/-सो भन्दा माथि रु १,५००/- |
| | (ग) कच्ची बाटोसँग जोडिएको | पचास लाख थैलि रु ८००/-सो भन्दा माथि रु १,०००/- |

| क्र. सं. | सेवा को किसिम | दर रु. |
|---|---|---|
| | (घ) बाटो नभएको | पचास लाख थैलि रु ६००/-सो भन्दा माथि रु ८००/- |
| ९. | चार किल्ला प्रमाणित | ३००/- (तिन सय) |
| १०. | नाता प्रमाणित | ५००/- (पाँच सय) |
| ११. | सर्जमीन मुचुल्का | ५००/- (पाँच सय) |
| १२. | उद्योग दर्ता सिफारीस | |
| | (क) १० hp सम्म | १,०००/- (एक हजार) |
| | (ख) २५hp सम्म | २,५००/-(दुई हजार पाँच सय) |
| | (ग) ५०hp सम्म | १०,०००/-(दस हजार) |
| | (घ) ५०hpभन्दा माथि | २०,०००/-(बिस हजार) |
| १३. | फर्म तथा समुह दर्ता सिफारीस | |
| | (क) गाई फर्म सिफारीस | १,०००/-(एक हजार) |
| | (ख) बाखा फर्म सिफारीस | १,०००/-(एक हजार) |
| | (ग) कुखुरा फर्म सिफारीस | १,०००/-(एक हजार) |
| | (घ) समुह दर्ता (कृषि, पशु, अन्य) | ३००/- (तिन सय) |
| १४. | घरको नक्शा पास/दर्ता | ५/-प्रति वर्ग फिट (पाँच ) |
| १५. | जग्गा जोतभोग सिफारीस | ३००/- (तिन सय) |
| १६. | जग्गा/मोही नामसारी सिफारीस | न्युनतममा थप ५०/- प्रति कठ्ठा |
| १७. | संस्था दर्ता सिफारीस | २,०००/-(दुई हजार) |
| १८. | संस्था नविकरण सिफारीस | १,०००/- (एक हजार) |
| १९. | सम्पत्ती मूल्याँकन सिफारीस | १००/-प्रति लाख (एक सय) |
| २०. | सालको गोलिया काठ निकासी दस्तुर | ७/- प्रति क्यु.फिट (सात) |
| २१. | सालको चिरान काठ निकासी दस्तुर | १०/- प्रति क्यु.फिट (दस) |
| २२. | सिसौ, सागुनको गोलिया काठ निकासी दस्तुर | ४/- प्रति क्यु.फिट (चार ) |
| २३. | सिसौ, सागुनको चिरान काठ निकासी दस्तुर | ६/-प्रति क्यु.फिट (छ) |
| २४. | अन्य जर्ना काठ निकासी दस्तुर | |
| | (क) प्रति टेक्टर | ५००/- (पाँच सय) |
| | (ख) प्रति ट्रक | १,०००/- (एक हजार) |
| २५. | मालपोत रजिष्ट्रेशन कर (गाँउपालिका) मालपोत कार्यालय रजिष्टेशन कर बाहेक | १% (एक प्रति सत) |
| २६. | सभाहलको भाडा प्रति दिन | १,०००/- (एक हजार) |
| २७. | व्यवसाय दता शुल्क | १,०००/- (एक हजार) |
| २८. | लिखत प्रमाणित | थैलिको १% (एक प्रतिस) |
| २९. | बिद्यालय कक्षा थप संस्थागत कक्षा थप | ३०,०००/- ( तिस हजार) |
| ३०. | बिद्यालय कक्षा थप संस्थागत तह थप | ५०,०००/- (पचास हजार) |
| ३१. | बिद्यालय कक्षा थप सामुदायिक कक्षा थप | ५,०००/- ( पाँच हजार) |
| ३२. | बिद्यालय कक्षा थप संस्थागत कक्षा थप | ३०,०००/- ( तिस हजार) |
| | यसमा सामेल नभएकालाई वोर्ड बैठकबाट निर्णय भए बमोजिम | |

अनुसूची : (१३)

पयटन शुल्क

| क्र. सं. | सेवाको किसिम | दर वार्षिक |
|---|---|---|
| १. | बनभोज स्थान प्रयोग प्रति समुह प्रति दिन | ५००/- (एक हजार) |
| २.. | डुंगा सयल प्रति डुंगा प्रति घण्टा | १००/- (एक सय) |
| ३. | प्रबेश शुल्क र भिउटावर अवलोकन प्रति घण्टा | १०/- (दस) |

..........................

(प्रमाणिकरण गर्ने)

नाम :- श्री लाल बहादुर श्रेष्ठ

पदः-  अध्यक्ष

बढैयाताल गाउँपालिका कार्यालय,

मैनापोखर ( बर्दिया )

५ नं. प्रदेश नेपाल